**गाउँसभाको २० औं अधिवेशनको पहिलो बैठकमा गाउँपालिका अध्यक्ष श्री दूलोकान्छा तामाङद्वारा प्रस्तुत**

# सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

मितिः २०८३ असार १० गते

CamScanner

गाउँ सभाका सदस्यज्यूहरु,

सुनापति गाउँपालिका गाउँसभाको २० औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

सुनापति गाउँपालिकाको गाउँसभाको सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको वैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ। यस गौरवमय अवसरमा सर्वप्रथम नेपाल र नेपालीको स्वतन्त्रता, स्वाधीनता, राष्ट्रियताको पक्षमा भएका विभिन्न जनयुद्ध ,जनआन्दोलन लगायतका परिवर्तनकारी आन्दोलन मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान शहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दछु। विभिन्न कालखण्डमा राष्ट्रको गौरव, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्न बलिदान दिने सम्पूर्ण बीरहरुलाई स्मरण गर्दछु। बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सबै नेपाली तथा सुनापति गाउँबासी दाजुभाइ, दिदी बहिनी एवं आमाबुवाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। त्यसैगरी मुलुकको राजनीतिक, आर्थिक र सामाजिक लगायतका युगान्तकारी परिवर्तनमा नेतृत्वदायी भूमिका खेल्नुहुने सबै अग्रज नेताहरुमा हार्दिक नमन गर्दछु। सुनापति गाउँपालिकाको नागरिकले प्रदान गरेको जिम्मेवारी पूरा गर्न सधैं निष्ठावान र कर्तव्यनिष्ठ भई लागि पर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

## १.१ पृष्ठभूमि

गाउँसभा सदस्यज्यूहरु,

नेपालको समग्र विकास र समृद्धिमा स्थानीय तहले सार्वजनिक सेवा प्रवाह र विकास मार्फत खेलेको भूमिका निकै महत्वपूर्ण भएको छ। आम नागरिकको घरदैलोमा पुगी नागरिकको समस्या समाधानमा स्थानीय सरकारले प्रदान गरेको सेवा प्रति सबैको चासो बढ्नुको साथै जनसन्तुष्टि समेत अभिबृद्धि भएको छ। स्थानीय सरकारको उपस्थितिले नै नागरिकहरुमा सरकार भएको अनुभूति दिलाउन स्थानीय सरकार सफल भएको छ। यसै सन्दर्भमा सुनापति गाउँबासी आम नागरिकको नियमित तथा आकस्मिक सेवामा सुनापति गाउँपालिकाका हामी सबै जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरु संयुक्तरुपमा प्रयासरत छौं। सुनापति गाउँपालिकाका नागरिकको प्रतिनिधिको रुपमा निर्वाचित भएसँगै हामीले लिएका लक्ष्य र उद्धेश्यहरु पूरा गर्नको लागि आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम निर्देशित रहेको कुरा सबैमा जानकारी गराउँछु। "समृद्ध, उद्यमी, सुखी सुनापतिः कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ति" भन्ने मूल नारालाई सार्थक बनाउन यो नीति तथा कार्यक्रमले योगदान गर्ने कुराको विश्वास दिलाउछु।

यो नीति तथा कार्यक्रम नेपालको संविधान, १६ औं आवधिक योजना, दीगो विकासको लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुनापति गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, संघीय सरकार र बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, आम नागरिक र सरोकारवाला पक्षहरुको राय तथा सल्लाह सुझाव, राजनीतिक दल र रामेछापका उच्च राजनीतिक नेतृत्वबाट प्राप्त सुझावहरुसमेतलाई आधार मानी तर्जुमा गरिएको छ।

गिता बिष्ट
उपाध्यक्ष

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

दुलोकान्छा तामाङ
अध्यक्ष
सुनापति गाउँपालिका

CamScanner

## आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

गाउँसभा सदस्यज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम विषयगत क्षेत्र उपक्षेत्रगत रुपमा प्रस्तुत गर्दछु।

### १. सुशासन तथा संस्थागत क्षमता विकास

सामान्य प्रशासन

- नागरिकलाई छिटो, सरल, पारदर्शी र प्रविधिमैत्री सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
- कार्यालयमा कर्मचारी र जनप्रतिनिधिहरुको आचारसंहिता तयार गरी पूर्ण रुपमा लागु गरिनेछ।
- पारदर्शिता तथा सुशासन प्रवर्द्धनका लागि" सुशासनको आधार पारदर्शिता र उत्तरदायी सुनापति सरकार " नारालाई सार्थक गर्न गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाहको प्रभावकारीता तथा जवाफदेहिता वृद्धि गर्न सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन तथा सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ।
- कर्मचारी उत्प्रेरणा तथा कार्यसम्पादन सुधारका सन्दर्भमा कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउँदै उत्कृष्ट कार्यसम्पादन भएका कर्मचारीलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।
- साझा हित, स्रोतको प्रभावकारी उपयोग, विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन अन्तरपालिका समन्वयको नीति अवलम्बन गरिनेछ।
- संघ, प्रदेश र स्थानीय तहवीच समन्वय गरी नागरिकहरुलाई प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह गर्न निर्माणमा गति दिन र संघीय शासन प्रणालीलाई सफल बनाउन अन्तरतह समन्वयको नीति अवलम्बन गरिनेछ।
- स्थानीय तहवाट प्रवाह हुने सूचना तथा जानकारीहरुलाई नागरिकहरुको लागि स्थानीय भाषामा प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाइनेछ।
- नागरिकको मानव अधिकार संरक्षणको लागि मानव अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

सूचना प्रविधि

- गाउँपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाबाट सुरू गरिएको विद्युतीय हाजिर प्रणालीलाई क्रमशः विद्यालयहरूमा अनिवार्य लागु गरिनेछ ।
- कार्यालयको कामकाजलाई सूचना प्रविधिमैत्री बनाउन् एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) पूर्ण रूपमा लागु गरिनेछ । यो प्रणाली लागू भए पश्चात डिजिटल सिग्नेचर, अनलाइन दर्ता चलानी र विद्युतिय हाजिर एकै प्रणालीमा हुने भएकोले यस व्यवस्थाले कार्यालयको हस्तलिखित अभिलेख प्रणालीलाई निरूत्साहन गर्नेछ ।

गिता विष्ट
उपाध्यक्ष

कार्यालयका पुराना अभिलेखहरूलाई स्क्यान गरी ईफाइल प्रणालीको विस्तार-मार्फत कार्यालयको अभिलेख तथा फाइल प्रणाली व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

## यायिक समिति

- महिला ,बालबालिका , अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको न्यायिक पहुँचलाई विशेष प्राथमिकता दिइनेछ।
- स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विवादहरुको निष्पक्ष ,सरल , छिटो र प्रभावकारी रुपमा समाधान गरिनेछ ।

## राजश्व

- ❖ बजारबाट गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्न र उपभोक्ताहरुको संवैधानिक हक अधिकार सुनिश्चित गर्न चाडपर्व, केन्द्रित नियमित र आकस्मिक गरी वर्षमा कम्तिमा तीन पटक बजार अनुगमनको कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ राजश्व सुधार गर्नको लागि राजश्व सुधार कार्ययोजना निर्माण मार्फत कर र गैर करको दरलाई सेवाग्राहीको हित अनुकूल बनाउन दर तथा दायरा अध्ययन गरी राजश्व वृद्धि गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- ❖ करदाताको पहिचान अभिलेख व्यवस्थापन तथा कर शिक्षा कार्यक्रम सञ्चालन गरी स्वेच्छिक कर सहभागिता बढाइनेछ ।
- ❖ "न्यायोचित राजश्व दीगो विकास ,असल शासन ," नारालाई सार्थक बनाउन पालिका भित्रका कर तथा गैरकरका स्रोतहरु ,पर्यटन , उद्योग तथा व्यापार क्षेत्रबाट प्राप्त हुन सक्ने राजश्वको सम्भाव्यता अध्ययन गरी नयाँ आयका स्रोतहरूको खोजी गरिनेछ ।
- ❖ गाउँपालिका भित्रका खानी तथा खनिज पदार्थका स्रोतको सम्भाव्यता अध्ययन गरी प्रतिवेदनको आधारमा राजश्वको दायरा विस्तार गरिने कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाईनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

- ❖ सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित, पारदर्शी, प्रविधिमैत्री तथा प्रभावकारी बनाइनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित बालबालिका तथा अन्य लक्षित वर्गको अभिलेख अद्यावधिक तथा व्यवस्थापनलाई नियमित गरिनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता वितरणलाई बैंकिङ प्रणालीमार्फत समयमै, सहज र सुरक्षित रूपमा उपलब्ध गराउने व्यवस्था सुदृढ गरिनेछ ।
- ❖ राष्ट्रिय परिचयपत्र तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- ❖ जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइँसराइ दर्तालाई समयमै गराउन व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

गिता विष्ट
उपाध्यक्ष



CamScanner

जिन्सी

- गाउँपालिका तथा वडा कार्यालयमा हुने खरिद सेवालाई व्यवस्थित बनाउन क्रमशः वास्तविक समयमा आधारित PAMS V2 प्रणाली लागु गरिनेछ। सोही व्यवस्था मार्फत गाउँपालिका भित्रका सबै सार्वजनिक सेवा प्रवाह गर्ने सार्वजनिक निकायमा जिन्सी तथा मालसामान प्रविष्ट गरी सम्पत्ति सुरक्षित गरिनेछ।
- जिन्सी निरीक्षणबाट लिलाम गर्नुपर्ने सम्पत्तीको एकीकृत लगत तयार गरी लिलामी प्रक्रिया अघि बढाइनेछ।
- गाउँपालिकाको कार्यालयमा आधुनिक पुस्तकालयको व्यवस्थापन गरिनेछ।

गाउँसभा सदस्यज्यूहरु अब म सामाजिक विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

२.सामाजिक विकास

शिक्षा, युवा तथा खेलकुद र मनोरञ्जन

- वर्ष २०८३ लाई सुनापति गाउँपालिका उत्कृष्ट शैक्षिक गन्तव्य वर्षको रुपमा मनाइनेछ ।
- सिकाई उपलब्धि बृद्धिका लागि प्रत्येक शिक्षकको हातमा शिक्षक डायरी र प्रत्येक विद्यार्थीसँग होमवर्क डायरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय पहिचान, संस्कृति, रैथाने ज्ञान, कृषि, पर्यटन र भूगोल समेटिएको स्थानीय पाठ्यक्रम (कक्षा ६-८)लाई परिमार्जन गरी अनिवार्य रुपमा लागू गरिनेछ ।
- विद्यार्थी सङ्ख्या एकदमै कम भएका विद्यालयलाई नजिकैको विद्यालयमा समायोजन गरी साधन र स्रोतको उचित वितरण गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिलाई थप जिम्मेवार बनाउन र अभिभावकहरूको सक्रिय सहभागिता बढाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विकास साझेदारहरूसँगको सहकार्यलाई थप मजबुद बनाइनेछ ।
- गाउँपालिकाद्वारा सञ्चालन गरिने उपलब्धि परीक्षा(Achievement Test) , कक्षा ८ तथा SEE नतिजाका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- माध्यमिक विद्यालयमा विद्यार्थीको आवास सहितको व्यवस्थापनका लागि विद्यालयलाई छात्रावास व्यवस्थापन बापतको अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयबाट SEE पश्चात CTEVT अन्तरगत प्राविधिक विषय अध्ययन गर्ने गरिब जेहन्दार दलित अल्पसङ्ख्यक र सीमान्तकृत समुदायका ५ जना विद्यार्थीलाई (प्रत्येक वडाबाट १ जनाका दरले) र स्वदेशमा MBBS अध्ययन गर्ने १ जना विद्यार्थीका लागि छात्रवृत्तिको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

<u>महिला , बालबालिका तथा ज्येष्ठ नागरिक</u>

- "सुनापति गाउँपालिकाको सरोकार, महिला पुरुष समान अधिकार" भन्ने नाराका साथ महिलालाई हरेक क्षेत्रमा समान अवसरको वातावरण सिर्जना गरी वर्गीय, जातीय, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका भेदभावको अन्त्य गरी सामाजिक न्याय र समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिनेछ ।

सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

- "बालबालिका भविष्यका कर्णधार मात्र हैनन् वर्तमानका साझेदार पनि हुन्" भन्ने नारालाई कार्यान्वयनमा ल्याई बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक सबै प्रक्रियाका कार्यक्रमहरु गरिनेछ ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू , यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक सशक्तीकरणलाई उच्च प्राथमिकता दिई सर्वाङ्गीण विकासमा विशेष ध्यान दिइनेछ।
- बालक्लव, बालसञ्जाल, किशोरी समूह, महिला समूह लगायत सञ्जालहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्दै बालभेला मार्फत बाल सहभागितालाई सुनिश्चित गरिनेछ ।
- असहाय, अशक्त तथा जोखिममा परेका नागरिकहरूको समुदायमै संरक्षण तथा पुनर्स्थापना सेवाको व्यवस्था गर्दै उद्यमशीलता र रोजगारमूलक सिप प्रदान गरी आत्मनिर्भर बनाइनेछ ।
- ज्येष्ठ नागरिकहरुका ज्ञान र अनुभवको उपयोग गरी जीवनयापनमा सहजीकरणका लागि ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सार्वजनिक संरचनालाई पूर्ण रुपमा बालमैत्री र अपाङ्गतामैत्री बनाइनेछ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, आदिवासी जनजाति, दलित तथा पिछडिएका वर्ग समुदाय लक्षित कानुनी सचेतनाका कार्यक्रम सञ्चालन गरी लैससासलाई समेटिने छ ।
- मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरी सबै लक्षित वर्गहरुको सशक्तीकरण, लैंगिक मुलप्रवाहीकरण गरी सामाजिक न्याय समानता,समता कायम गर्दै विकास र समृद्धिको आकांक्षामा पुरा गर्न जोड दिइनेछ ।
- सुनापति गाउँपालिकाले आफ्नो संस्थागत नीति, कार्यक्रम तथा सेवाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था मूल्याङ्कन गरी सुधारका क्षेत्रहरु पहिचान गर्न **GESI Audit** कार्यलाई निरन्तरता दिई सुधार गरिनेछ।
- सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियाका सबै चरणमा लैङ्गिक दृष्टिकोण समावेश गरी स्रोत साधनको न्यायोचित विनियोजन तथा उपभोग सुनिश्चित गर्न यस गाउँपालिकाको योजना तथा वजेट तर्जुमा प्रक्रियामा लैङ्गिक उत्तरदायी वजेट (**GRB**) कोडिङको व्यवस्था गरिनेछ।

स्वास्थ्य

- सुनापति आधारभूत अस्पताललाई अझ सुदृढीकरण गरी सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाई आधारभुत अस्पताललाई स्वास्थ्य बीमा कार्यक्रमको प्रथम विन्दु बनाउन आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाइनेछ।
- सामुदायिक महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रमलाई महत्त्वका साथ हेर्दै यथोचित प्रोत्साहन भत्ता दिने , स्थानीय स्वास्थ्य तथा सरसफाई ऐनको व्यवस्था कार्यान्वयन गर्दै ऐन बमोजिम उमेर पुगेका म.स्वा.स्व.से.हरुलाई सम्मानजनकबिदाई गरी समयानुकुल नयाँ स्वयम सेविका व्यवस्था गरिनुका साथै आधारभूत तालिम प्रदान गरिनेछ ।

गिता सिंह
उपाध्यक्ष



दुर्गाकान्छा लामा
अध्यक्ष
सुनापति गाउँपालिका

- जनस्वास्थ्यका विभिन्न सूचकहरुको तथ्यगत मापनको आधारमा स्वास्थ्य योजना तर्जुमा गर्न गाउँपालिका स्तरीय स्वास्थ्य प्रोफाइल अद्यावधिक गर्ने नीति लिइनेछ ।
- आयुर्वेद उपचार पद्धतिलाई प्रवर्धन गर्दै लगिनेछ ।
- स्वास्थ्य सेवा प्रणालीमा प्रशामक सेवालाई आवद्ध गरिनेछ र सो सेवाको पहुँच विस्तार गर्न आवश्यक स्रोतको व्यवस्थापन मिलाइनेछ ।
- नागरिकहरूलाई स्वच्छ तथा सफा पानी पिउन पाउने हक सुनिश्चित गर्न गाउँपालिकाभित्र रहेका खानेपानीका मुहान तथा स्रोतहरूको शुद्धता परीक्षण गर्न पालिकामा परीक्षण प्रयोगशालाको स्थापना गरी पिउन अयोग्य भएका मुहान तथा स्रोतहरुको शुद्धीकरणका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- " स्वस्थ बालक, समृद्ध सुनापतिको साधक" भन्ने नारालाई सार्थक तुल्याउनका लागि गाउँपालिकाभित्रका सम्पूर्ण बालबालिकाहरूलाई पोषण सम्बन्धी विशेष कार्यक्रमहरूको व्यवस्था गरिनेछ।
- गाउँ गाउँ सम्म विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न वर्षे पिच्छे जनरल स्वास्थ्य शिविर तथा पाठेघरको क्यान्सर स्क्रिनिंग तथा प्रजनन् स्वास्थ्य शिविरहरु संचालन गर्ने नीति लिईनेछ।
- नसर्ने रोगहरुको नियमित स्क्रिनिंग गर्ने र रोकथाम तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
- मानसिक रोगहरुको रुग्णता दर बढ्दै गईरहेको सन्दर्भमा स्वास्थ्य चौकी तह सम्म मानसिक रोगको उपचार व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति क्रमश व्यवस्थापन गर्दै उपचार/को व्यवस्था मिलाउने र समय समयमा विशेषज्ञ सेवाको समेत व्यवस्था मिलाइने नीति अवलम्बन गरिनेछ ।

सुरक्षित आप्रवासन, वित्तीय साक्षरता र मनोसामाजिक परामर्श

- स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ ।
- बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारीमा जाने व्यक्ति र तिनका परिवारलाई लक्षित गरी वैदेशिक रोजगारीलाई मर्यादित , व्यवस्थित र गुणस्तरीय बनाउन सूचना तथा परामर्श सेवालाई निरन्तरता दिइनेछ ।
- वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवार तथा रेमिटेन्स प्राप्त गर्ने व्यक्तिको सहभागितामा संचालन गरिदै आएको वित्तीय साक्षरता कक्षा संचालन कार्यलाई निरन्तरता दिईनुका साथै यसलाई विद्यालय स्तरमा समेत संचालनको प्रवन्ध गरिनेछ।
- विगतका वर्षहरुमा आंशिक रुपमा परिचालन गरिदै आएको रिटर्नी स्वयंसेवक परिचालन कार्यलाई पूर्णकालीन रुपमा जिम्मेवार बनाई निरन्तरता दिईनेछ ।

गाउँसभा सदस्यज्यूहरु अब म आर्थिक विकास तर्फको\नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

३. आर्थिक विकास

कृषि तथा पशु सेवा

- समग्र कृषि क्षेत्रलाई सम्मानजनक, मर्यादित आकर्षक पेशाको रुपमा विकास गरी कृषिमा आधुनिकीकरण , व्यवसायीकरण र विविधिकरणमा जोड दिई आयआर्जन तथा रोजगारका थप अवसरहरू सृजना गरिनेछ ।
- उपभोग्य उत्पादित वस्तुहरुलाई सर्टिङ ग्रेडिङ ,प्रसोधन ,प्याकेजिङ र बजारीकरण गर्ने व्यवस्था मिलाइनेछ।
- उच्च प्रविधियुक्त संरचना निर्माण गरी बेमौसमी तरकारी खेती गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ।



गिता विष्ट
उपाध्यक्ष

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा ... अध्यक्ष
सुनापति गाउँपालिका

## सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

- चिया बगानलाई व्यवस्थापन गरि ईकोटुरीजमलाई प्रोत्सहान गरिनेछ।
- प्रथम सुनापति पर्यटन महोत्सव तथा सुनापति भ्रमण वर्ष २०८३ आयोजना गरि स्थानीय उत्पादन र पर्यटकीय स्थलहरुको प्रचारप्रसार गरी "समृद्ध, उद्यमी, सुखी सुनापति; कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ति" भन्ने नारालाई सार्थक बनाईने छ।
- सुनापति घुम्न आउने आन्तरिक तथा वाह्य पर्यटकहरुको लगत राख्ने व्यवस्था मिलाईनेछ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुलाई संस्थागत गरिनेछ।

सहकारी

- गाउँपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- सहकारी संस्थाहरूको संस्थागत सुशासन, वित्तीय अनुशासन, पारदर्शिता तथा जवाफदेहितालाई प्राथमिकताका साथ प्रवर्द्धन गरिनेछ।
- सहकारी तथा गरिबी न्यूनीकरण सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा सबै सहकारी संस्थाको विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।
- सहकारी संस्थाहरूको लेखा, लेखापरीक्षण, वार्षिक साधारणसभा तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित र कानुनसम्मत बनाइनेछ।
- समस्याग्रस्त तथा जोखिमयुक्त सहकारीहरूको पहिचान गरी सुधार तथा पुनर्संरचनाका कार्यक्रम सञ्चालन गरिनेछ।

उद्यम विकास

- सुनापति गाउँपालिकाबाट सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा स्थानीय स्तरमा पाईने स्रोत साधनलाई मध्यनजर गर्दै समुदायको मागमा आधारित प्राविधिक सिप विकास तालिम सञ्चालन गरिनेछ ।
- थाङ्का गलैंचा उद्योग प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता गर्दै सुनापति गाउँपालिकामा नै रोजगारी सिर्जना गरी थाङ्का गलैंचा हबको कार्यान्वयनको लागि एक वडा एक उद्योग स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।
- दिगो विकास अन्तर्गत गरिबी न्यूनिकरण गर्ने लक्ष्यलाई आत्मासाथ गर्दै उद्यमीसँग स्थानीय सरकार कार्यक्रम अन्तर्गत विभिन्न सिपमूलक तालिमहरु सञ्चालन गरी रोजगारको अवसर प्रदान गर्न हाम्रो उत्पादन हाम्रो अभियान कार्यक्रम अगाडी बढाइनेछ ।
- युवा लक्षित कार्यक्रम अन्तर्गत सवारी चालक तालिम र ब्यूटीपार्लर र बारिस्टा तालिम सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीले उत्पादन गरेका उत्पादन मुलक वस्तुहरुलाई समेटेर संकलन केन्द्र स्थापना गरी संचालन गरिनेछ ।

गाउँसभा सदस्यज्यूहरु अब म पूर्वाधार विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

### पूर्वाधार विकास

गाउँपालिकाको आवधिक योजना, भूउपयोग योजना-, वस्ती विकास योजना तथा दिगो विकास लक्ष्य (SDGs) सँग आबद्ध हुने गरी पूर्वाधार विकासका योजना तर्जुमा गरिनेछ।

वडाबाट प्राप्त योजनाहरूलाई आवश्यकतामा आधारित प्राथमिकता निर्धारण गरी मोडी बमोजिम छनौट भएका योजनाहरु कार्यान्वयन गरिनेछ।

बहुवर्षीय तथा रणनीतिक महत्वका योजनाहरूलाई उच्च प्राथमिकतामा राखी चरणबद्ध रूपमा सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ।

- गाउँपालिकाभित्र कार्यान्वयन गरिने सबै पूर्वाधार योजनाहरूको डिजिटल अभिलेखीकरण तथा GIS मा आधारित नक्साङ्कन प्रणाली विकास गरिनेछ।
- गाउँपालिकाका सबै वडा केन्द्र तथा प्रमुख वस्तीहरूलाई बाह्रै महिना सञ्चालनयोग्य सडक सञ्जालसँग जोड्ने नीति अवलम्बन गरिनेछ।
- नयाँ सडक निर्माणभन्दा निर्माण सम्पन्न सडकहरूको स्तरोन्नति, संरक्षण तथा नियमित मर्मतसम्भारलाई प्राथमिकता दिइनेछ।
- कृषि उत्पादन, पर्यटन विकास, स्वास्थ्य सेवा र शिक्षा क्षेत्रमा प्रत्यक्ष योगदान पुऱ्याउने सडकहरूलाई उच्च प्राथमिकतामा राखिनेछ।
- विपद् जोखिम भएका क्षेत्रमा नदी नियन्त्रण संरचना निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी स्रोत व्यवस्थापन गरिनेछ।
- सबै निजि तथा सार्वजनिक भवनहरू राष्ट्रिय भवन संहिता (NBC) अनुरूप भूकम्प प्रतिरोधी तथा सुरक्षित निर्माण प्रविधिमा आधारित नीति कार्यान्वयन गरिनेछ।
- निजी तथा सार्वजनिक भवन निर्माणमा अपाङ्गमैत्री पहुँचमार्ग, शौचालय, सुरक्षित खानेपानी तथा बालमैत्री संरचनाको व्यवस्था गरिनेछ।
- सार्वजनिक भवनहरूमा सौर्य ऊर्जा, वर्षा पानी संकलन तथा ऊर्जा दक्ष प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- गाउँपालिकाका सबै नागरिकलाई सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवाको पहुँच पुऱ्याउने लक्ष्यसहित खानेपानी योजनाहरू सञ्चालन गरिनेछ।
- खानेपानीका मूल स्रोतहरूको संरक्षण, मुहान व्यवस्थापन तथा पुनर्भरण कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- सरसफाइ, फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता प्रवर्द्धनका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- कुलो, लिफ्ट सिंचाइ, पानी संकलन पोखरी तथा कृषि जलाशय निर्माणलाई प्राथमिकता दिइनेछ।
- पर्यटकीय स्थलसम्म पुग्ने सडक, पदमार्ग, विश्रामस्थल, दृश्यावलोकन स्थल तथा सूचना केन्द्र निर्माणलाई प्राथमिकता दिइनेछ।



गिता विष्ट
उपाध्यक्ष

सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

- स्थानीय होमस्टे, कृषि पर्यटन तथा सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यले आवश्यक भौतिक संरचना निर्माण गरिनेछ।
- आगामी आर्थिक वर्षमा पूर्वाधार विकास शाखाले "दिगो, सुरक्षित, समावेशी, वातावरणमैत्री र नागरिकमुखी पूर्वाधार विकास" लाई मूल कार्यदिशाका रूपमा अवलम्वन गर्नेछ।
- "जनताको सहभागिता, समृद्ध पूर्वाधार निर्माणमा प्रतिवद्धता, पूर्वाधार सवल, सुनापति सफल" भन्ने भावना आत्मसात गर्दै अघि बढिनेछ ।

गाउँसभा सदस्यज्यूहरु अब म वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## ५. वन, वातावरण तथा विपद् व्यवस्थापन

- वडा नं. ३ साउने केउरेनीका जोखिमपूर्ण वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि आवश्यक सहयोग तथा सहजिकरण गरिनेछ।
- सामुदायिक र कवुलियती वनका उपभोक्ताहरुलाई सशक्तिकरण गरी म जोगाउँछु मेरो वन"" भन्ने नारामा कार्य गरिनेछ ।
- सुनापति गाउँपालिका भित्र दर्ता भएर उपभोगमा रहेका सामुदायिक र कवुलियती वनहरुलाई सूचीकरण गरी राजश्व तथा वन रोयल्टीको दायरामा ल्याईनेछ ।
- सामुदायिक र कवुलियती वनका पदाधिकारी तथा उपभोक्ताहरुलाई वन व्यवस्थापन तालिम प्रदान गरिनेछ ।
- विगतका वर्षहरुमा धेरै डडेलो लागेर धन, जन र वनमा पुगेको क्षतिको पुनर्भरणका लागि वनमा फलफुल लगायतको विरुवा रोपण गरिनेछ ।
- "हरियो वन हाम्रो शान, डडेलो विरुद्ध विशेष अभियान" भन्ने नाराका साथ हरित स्यवंसेवक परिचालन गरिनेछ।
- विपदको वेला खोज तथा उद्धारमा प्रयोग गरिने औजार तथा सामग्रीहरु खरिद गरी गाउँपालिका स्थित आपतकालीन कार्य सञ्चालन केन्द्रमा राखिनेछ।
- विगत देखि विपद् प्रभावितहरुलाई प्रदान गर्दै आएको आर्थिक सहायतको दायरामा पुनरावलोकन गरिनेछ ।
- गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुमा वाढी वा पहिरोबाट हुने अवरोध हटाउन विशेष कोषको व्यवस्था गरिनेछ । यसका कारण गाउँपालिका भित्रका मुख्य सडकहरुमा यातायात रोकीने समस्या रहने छैन।
- विपदबाट घर तथा आवासमा क्षति भइ वस्न नमिल्ने भएको अवस्थामा अस्थायी आवस व्यवस्था गर्नको लागि त्रिपाल लगायत लत्ताकपडा र रासन सहित आकस्मिक राहत प्याकेज कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका केन्द्र वा पायक पर्ने स्थानामा आकस्मिक अवतरण सुविधा सहितको हेलीप्याड निर्माण गर्ने व्यवस्था मिलाइनेछ।



गिता विष्ट
उपाध्यक्ष

दुर्गेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

दुलीकान्छा तामाङ
अध्यक्ष
सुनापति गाउँपालिका

CamScanner

### सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

गाउँसभा सदस्यज्यूहरु,

सुनापति गाउँपालिकावाट प्रवाह हुने सार्वजनिक सेवा र अन्य सरकारी कामकारवाहीहरु प्रदेश सरकार र संघीय सरकारसँगको सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित भई कार्यसम्पादन तथा सञ्चालन गरिनेछ।

अन्त्यमा,

यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि प्रदेश सरकार, संघीय सरकार, आम नागरिक र सरोकारवाला तथा सञ्चार जगत, संघ संस्थाहरु सबैको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरेको छु। सुनापति गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक र भौतिक क्षेत्रको दिगो विकास र रुपान्तरण मार्फत गरिबी र बेरोजगारीवाट उन्मुक्ति तथा समृद्धिको लागि यो नीति तथा कार्यक्रम परिलक्षित रहेकोछ। गाउँपालिकाको समग्र विकासको लागि आम नागरिक, राजनीतिक दल, स्थानीय नेता, समाजसेवी लगायत सबैले देखाउनुभएको चासो र सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सुनापति गाउँपालिकाको विकास र समृद्धिको लागि योगदान गर्नुहुने सबै सुनापति गाउँवासी, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी तथा सामुदायिक क्षेत्र, शिक्षक, नागरिक समाज, सुरक्षाकर्मी र आमसञ्चार लगायत सम्पूर्ण दिदीबहिनी, दाजुभाई र आमाबुबाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यो नीति तथा कार्यक्रम तर्जुमा गर्न अहोरात्र खटिनुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सबै विषयगत समितिका संयोजक र सदस्यहज्यूहरु, कर्मचारीहरु, उपाध्यक्षज्यू, कार्यपालिका सदस्य र गाउँसभा सदस्यज्यूहरु सबैलाई हार्दिक आभार तथा धन्यवाद प्रदान गर्दछु। आगामी दिनहरुमा पनि यस्तै रचनात्मक र सकारात्मक सहयोग र सुझावको अपेक्षा गर्दै सुनापति गाउँपालिकाको विकासमा सबै एकजुट हौं भनी अनुरोध समेत गर्दछु।

धन्यवाद।

कृपाशी

कमला